आज मिति २०७९।२।३१ गतेका दिन यस हरिनास गाउँपालिकाका अध्यक्ष श्री खिमनारायण मानन्धर ज्यूको अध्यक्षतामा निम्नानुसारका गाउकार्यपालिकाका सदस्यहरुको उपस्थितिमा बैठक बसी तपशिलका निर्णयहरु गरियो ।

बैठक सख्या: प्रथम                    स्थानः हरिनास गाउँपालिका कार्यालयको सभाहल

तपशिलः

| पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|
| श्री खिमनारायण मान्नधर | गाउँपालिका अध्यक्ष | |
| श्री इन्द्रकुमारी थापा राना | गाउँपालिका उपाध्यक्ष | |
| श्री इन्द्र बहादुर गुरुङ | वडाध्यक्ष वडा नं. १ | |
| श्री चित्र वहादुर थापा | वडाध्यक्ष वडा नं. २ | |
| श्री ओम प्रकाश सिग्देल | वडाध्यक्ष वडा नं ३ | |
| श्री सन्त वहादुर थापा | वडाध्यक्ष वडा नं ४ | |
| श्री निर्मल लम्साल | वडाध्यक्ष वडा नं ५ | |
| श्री दिल वहादुर राना | वडाध्यक्ष वडा नं ६ | |
| श्री भरत थापा | वडाध्यक्ष वडा नं ७ | |
| श्री उजेली नेपाली दर्जी | कार्यपालिका सदस्य | |
| श्री इन्द्र कुमारी थापा | कार्यपालिका सदस्य | |
| श्री बुद्धिमाया वि.क. | कार्यपालिका सदस्य | |
| श्री धनमाया राना | कार्यपालिका सदस्य | |
| श्री अमृत भुजेल | कार्यपालिका सदस्य | |
| श्री डोल वहादुर नेपली | कार्यपालिका सदस्य | |
| श्री पर्शुराम उपाध्याय | सदस्य सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

| नाम | पद | कार्यालय | दस्तखत |
| --- | --- | --- | --- |
| महेश्वर अर्याल | योजना अधिकृत | हरिनास गाउँपालिका | |
| लालचनगैहे | लेखापाल | हरिनास गाउँपालिका | |
| सन्दिप लम्साल | कम्प्युटर अपरेटर | हरिनास गाउँपालिका | |

निर्णय नं १ स्थानीय शासन संचालन ऐन २०७४ बमोजिम यस हरिनास गाउँपालिकामा कार्य सहज र सरल बनाउनका लागि तपसिल अनुसारका विषयगत समितिहरुमा तपशिल बमोजिमका संयोजक, सदस्य र सदस्य सचिव गठन गर्ने निर्णय गरियो ।साथै समितिको कार्यमा सहजिकरण गर्नका लागि समितिबाट स्थानिय शासन संचालन ऐन २०७४ अनुसार समितिले आवश्यकता अनुसार सम्वन्धित क्षेत्रका विज्ञ तथा सरोकारवालालाइ समितिको बैठकमा आमन्त्रण गर्न सक्ने समेत समितिलाइ अधिकार प्रदान गरियो ।

क. स्रोत अनुमान तथा बजेट निर्धारण समिति
ख. स्थानीय राजश्व परामर्श समिति
ग. वजेत तथा कार्यक्रम तर्जुमा समिति
घ. आर्थिक विकास समिति
ङ. पूर्वाधार विकास समिति
च. सामाजिक विकास समिति
छ. विधेयक, संस्थागत विकास तथा सेवाप्रवाह समिति
ज. न्यायिक समिति
झ. लेखा समिति

क. स्रोत अनुमान तथा बजेट निर्धारण समिति

- संयोजक खिम नारायण मानन्धर (गाउँपालिका अध्यक्ष)
- सदस्य इन्द्र कुमारी थापा राना (गाउँपालिका उपाध्यक्ष)
- सदस्य इन्द्र बहादुर गुरुङ्ग (वडा अध्यक्ष, वडा नं १)
- सदस्य अमृत भुजेल (कार्यपालिका सदस्य)
- सदस्य उजेली नेपाली (कार्यपालिका सदस्य)
- सदस्य सचिव पर्शुराम उपाध्याय(प्रमुख प्रशासकीय अधिकृत)

ख. स्थानीय राजश्व परामर्श समिति

- संयोजक इन्द्र कुमारी थापा राना (गाउँपालिका उपाध्यक्ष)
- सदस्य पर्शुराम उपाध्याय(प्रमुख प्रशासकीय अधिकृत)
- सदस्य ओम प्रकाश सिग्देल(वडा अध्यक्ष, वडा नं ३)
- सदस्य इन्द्र कुमारी थापा (कार्यपालिका सदस्य)
- सदस्य सचिव नोल बहादुर थापा (प्रशासन प्रमुख)

ग. आर्थिक विकास समिति

- संयोजक — उजेली नेपाली (कार्यपालिका सदस्य)
- सदस्य — बुद्धिमाया वि.क. (कार्यपालिका सदस्य)
- सदस्य — डोल बहादुर गोतामे (कार्यपालिका सदस्य)
- सदस्य सचिव — लालधन गैह्रे (आर्थिक प्रशासन शाखा प्रमुख)

घ. पूर्वाधार विकास समिति

- संयोजक — सन्त बहादुर थापा (वडा अध्यक्ष, वडा नं ४)
- सदस्य — इन्द्र कुमारी थापा (कार्यपालिका सदस्य)
- सदस्य — डोल बहादुर गोतामे (कार्यपालिका सदस्य)
- सदस्य — धनमाया राना (कार्यपालिका सदस्य)
- सदस्य सचिव — मनोज शर्मा वाग्ले (इन्जिनियर, प्राविधिक शाखा प्रमुख)

ङ. सामाजिक विकास समिति

- संयोजक — भरत थापा (वडा अध्यक्ष, वडा नं ७)
- सदस्य — धनमाया राना (कार्यपालिका सदस्य)
- सदस्य — दिल बहादुर राना (वडा अध्यक्ष, वडा नं ६)
- सदस्य सचिव — विदुर सिग्देल(स्वास्थ्य शाखा प्रमुख)

च. न्यायिक समिति

- संयोजक — इन्द्र कुमारी थापा राना (गाउँपालिका उपाध्यक्ष)
- सदस्य — ओम प्रकाश सिग्देल (वडा अध्यक्ष, वडा नं ३)
- सदस्य — धनमाया राना (कार्यपालिका सदस्य)
- सदस्य सचिव — सुकुमाया थापा (महिला, बालबालिका शाखा प्रमुख)

छ. विधान समिति

- संयोजक — ओम प्रकाश सिग्देल (वडा अध्यक्ष, वडा नं ३)
- सदस्य — सन्त बहादुर थापा (वडा अध्यक्ष, वडा नं ४)
- सदस्य — उजेली नेपाली (कार्यपालिका सदस्य)
- सदस्य सचिव — पर्शुराम उपाध्याय (प्रमुख प्रशासकीय अधिकृत)

ज. शिक्षा समिति

- संयोजक — खिम नारायण मानन्धर (गाउँपालिका अध्यक्ष)
- सदस्य — पर्शुराम उपाध्याय (प्रमुख प्रशासकीय अधिकृत)
- सदस्य — अमृत भुजेल (कार्यपालिका सदस्य)
- सदस्य — भरत थापा (वडा अध्यक्ष, वडा नं ७)

- सदस्य सचिव लक्ष्मी कार्की (शिक्षा शाखा प्रमुख)

झ. विपद् व्यवस्थापन समिति

- संयोजक खिम नारायण मानन्धर (गाउँपालिका अध्यक्ष)
- सदस्य इन्द्र कुमारी थापा राना (गाउँपालिका उपाध्यक्ष)
- सदस्य सन्त बहादुर थापा (वडा अध्यक्ष, वडा नं ४)
- सदस्य इन्द्र कुमारी थापा (कार्यपालिका सदस्य)
- सदस्य सचिव पर्शुराम उपाध्याय (प्रमुख प्रशासकीय अधिकृत)

ञ. लेखा समिति

- संयोजक निर्मल लम्साल (वडा अध्यक्ष, वडा नं ५)
- सदस्य सन्त बहादुर थापा (वडा अध्यक्ष, वडा नं ४)
- सदस्य बुद्धिमाया वि.क. (कार्यपालिका सदस्य)
- सदस्य लालचन गैह्रे (आर्थिक प्रशासन शाखा प्रमुख)
- सदस्य सचिव इन्दिरा न्यौपाने (आ.ले.प. शाखा प्रमुख)

ट. बजेट तथा कार्यक्रम तर्जुमा समिति

- संयोजक इन्द्र कुमारी थापा राना (गाउँपालिका उपाध्यक्ष)
- सदस्य सन्त बहादुर थापा (वडा अध्यक्ष, वडा नं ४)
- सदस्य भरत थापा (वडा अध्यक्ष, वडा नं ७)
- सदस्य ओम प्रकाश सिग्देल (वडा अध्यक्ष, वडा नं ३)
- सदस्य निर्मल लम्साल (वडा अध्यक्ष, वडा नं ५)
- सदस्य उजेली नेपाली (कार्यपालिका सदस्य)
- सदस्य पर्शुराम उपाध्याय (प्रमुख प्रशासकीय अधिकृत)
- सदस्य सचिव महेश्वर अर्याल (योजना अधिकृत)

निर्णय नं २ यस कार्यालयबाट आवधिक योजना निर्माणका लागि मेजर डिजाइन प्रा.लि., ललितपुरसँग सम्झौता भई प्रतिवेदन प्राप्त भएको र क्षमता विकास योजना र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति (लैसस) प्रतिवेदन निर्माणका लागी स्कोलर नेपाल प्रा.लि., काठमाडौंसँग सम्झौता गरि सो फर्मबाट पनि तोकिएको सम्झौता अनुसार कार्य सम्पन्न गरेकोले आवधिक योजना, क्षमता बिकास बिकास योजना र लैसस प्रतिवेदन पेश गरेकोले अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं ३ मालपोत कार्यालय, वालिङ्ग, स्याङ्जाबाट आ.व. २०७९/०८० का लागि न्युनतम मूल्याङ्कनका लागि राय माग भई आएकोमा गत आ.व. २०७८/०७९ कै मुल्याङ्कनलाई नै मान्ने हुने गरि निर्णय गरियो ।

खिम नारायण मानन्धर
अध्यक्ष

निर्णय नं ४  संघीय सरकारबाट हस्तान्तरित भई आएको फलफूल दशक बिरुवा रोपण कार्यक्रम अन्तर्गत बिनियोजन भएको रकम रु.५,००,०००।- र कृषि कार्यक्रम अन्तरगत बिनियोजन भएको रकम मध्येबाट रु २०००००।- रुपैया समेत जम्मा रु ७०००००।- बराबरका कागतीका बिरुवा ल्याइ वाई कार्यालय मार्फत सम्वन्धित सामुदायिक विद्यालयहरुमा नि:शुल्क वितरण गर्ने कार्यालयमा बिरुवा दाखिला भए पश्चात सम्वन्धित फर्मलाइ रकम भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं ५  सूचनाको प्रवाह छिटो छरितो र एकरुपता कायम गर्नका लागि हाल वडा नं १ देखि ७, अध्यक्ष, उपाध्यक्ष, र प्रमुख प्रशासकीय अधिकृतलाई कार्यालयका तर्फबाट कार्यालय प्रयोजनका लागि पोष्टपेड सिम खरिद गर्ने र उल्लेखित व्यक्तिहरुलाई एक-एक सेट मोबाइल खरिद गरि ल्याएको हुँदा उक्त खरिद सामग्रीलाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं ६  वर्षे अधिवेशन एवं बजेट अधिवेशन २०७९ असार १० नीति तथा कार्यक्रम पेश र संक्षिप्त बजेट समेत पेश गर्ने हुँदा  सम्पूर्ण गाउँसभा सदस्यहरुलाई मिति २०७९/०३/१० गते हरिनास गाउँपालिकाको सभाहलमा गाउँसभा उपस्थितिको लागी अनुरोध गर्ने  निर्णय गरियो ।

निर्णय नं ७  यस हरिनास गाउँपालिकाको प्रवक्ता नियुक्ति सम्वन्धमा हरिनास गाउँपालिका वडा नं ३ का वडा अध्यक्ष श्री ओम प्रकाश सिग्देललाई गाउँपालिकाको प्रवक्ता मनोनयन गर्ने निर्णय गरियो ।

निर्णय नं. ८  यस कार्यालयबाट सूर्य तारा क्लव पोखराले 5A Side Vetrans+30 Futsal Tournament 2078 खेललाइ सहयोग गरी दिनु भनी प्रस्ताव पेश गरेकोले उक्त प्रस्ताव स्वीकृत गरी उक्त संस्थालाइ यस कार्यालयको कार्यक्रम खर्च शिर्षक अन्तरगत पचासहजार रुपैया सूर्य तारा क्लव पोखरलाइ भुक्तानी दिने निर्णय गरियो

निर्णय नं ८  हरिनास गाउँपालिकाको कार्यपालिकाको बैठक नियमित संचालनका लागि प्रत्येक महिनाको १० गते र २५ गते सञ्चालन गर्ने निर्णय गरियो ।

खिम नारायण मानन्धर
अध्यक्ष